# ३.४ उपेक्षामा नवलपरासी पश्चिम र कपिलवस्तुका उखु किसान

**पृष्ठभूमि**

भौगोलिक अवस्थिति, माटोको उर्वरता, सिंचाइको सुविधा र खेतीयोग्य मौसमका कारण नेपालको तराई भेग अन्न उत्पादनको प्रमुख केन्द्र हो। यहाँको मुख्यबाली धान, गहुँ, मकै, तोरी हो। खेती गर्न सहज र नगदेबालीको रूपमा रहेको उखुखेती पनि उल्लेख्यमात्रामा हुने गर्छ। नेपाल विश्वमा उखु खेती गर्ने देशहरूको सूचीमा ४१ औँ स्थानमा पर्दछ। खेती गरिने क्षेत्रफल (प्रति हेक्टर) का आधारमा ३४ औँ स्थानमा परे पनि उत्पादनको हिसाबले नेपाल विश्वको ३९ औँ बढी उखु उत्पादन गर्ने देशमा पर्दछ। विश्वमा उत्पादन हुने कूल उखुमध्ये ०.१६ प्रतिशत नेपालमा उत्पादन हुने गरेको अध्ययनले देखाउँछ। लुम्बिनी प्रदेशका नवलपरासी पश्चिम र कपिलवस्तु जिल्लाको प्रमुख स्रोत भनेको कृषि हो। कृषिमा पनि मुख्य नगदे बाली उखु हो। त्यही नगदेबाली उखु किसानहरूका लागि समस्याको पहाड बनेर उभिएको छ।

उखु खेती अन्य खेतीभन्दा केही सजिलो खेती हो। एकपल्ट रोपेपछि सामान्य हेरचाह गर्न सके तीन वर्षसम्म लाभ लिन मिल्छ। यो सोझै एकमुस्ठ ठूलो रकम आउन सक्ने नगदे बाली हो। उखु खेती अरू बाली गर्न नसकिने जग्गामा गर्न सकिन्छ। नेपालमा व्यावसायिकरूपमा उखु खेती तराईका १५ जिल्लामा हुन्छ। उखु कृषकमा उखु खेतीको प्राविधिक ज्ञान तथा परामर्श सेवाको अपर्याप्तता, सहुलियतपूर्ण कृषि कर्जामा सरल र सहज पहुँचको अभाव, चिनी मिलबाट उखुको भुक्तानी समयमा उपलब्ध हुन नसकेको, सरकारबाट प्राप्त हुने अनुदान समयमा प्राप्त गर्न कठिनाइ भएको, उखुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न नसकेको जस्ता मूलभूत समस्या हुन्।

चिनी उद्योगलाई बेचेको उखुको भुक्तानी नपाएपछि एक वर्षको अवधिमा दुईपटक उखु किसान आन्दोलन गर्न काठमाडौँ गए। गत वर्ष पुस महिनामा राजधानीको सडकमा उत्रिएका किसानले सरकारी आश्वासनपछि आन्दोलन रोके। यसपटक उद्योगीले नतिरे सरकारले तिरिदिने आश्वासन पाएपछि किसानले आन्दोलन स्थगित गरे। गत वर्षको पुससम्म १ अर्ब ४० करोड रुपियाँ बक्यौता रहेकामा यो मङ्सिरसम्म यस्तो बक्यौता ६५ करोडमा झरेको देखाउँछ। उद्योगबाट पाउनुपर्ने रकम समयमै नपाएपछि बैङ्कले धितो लिलामीको सूचना पनि जारी गरेको छ। यो आलेखमा कपिलवस्तु र नवलपरासी (पश्चिम) मा उखु खेती र किसानका बारेमा चर्चा गरिएको छ। हुन त देशभरका उखु किसानहरूको समस्या उस्तैउस्तै छन्।

खाद्य र कृषि संगठन कर्पोरेट २०१८ को तथ्याङ्कअनुसार नेपालको कूल खेतीयोग्य जमिनमध्ये ७१ हजार ४ सय ६६ हेक्टर जमिनमा उखुबाली लगाइन्छ। उक्त खेतीबाट बर्सेनी ३२ लाख ३४ हजार ७ सय ११ टन उखु उत्पादन हुने गर्दछ। यो तथ्याङ्कबाट सहजै अनुमान लगाउन सकिन्छ कि उखुबाली नेपालका प्रमुख नगदे बालीमध्येको एक हो। नवलपरासी जिल्लामा कूल खेती योग्य जमिन २५ हजार ९ सय ५५ हेक्टर रहेको छ। जसमध्ये ५, हजार हेक्टर जमिनमा उखु खेती गरिन्छ। कपिलबस्तु जिल्लाका करिब ४ हजार किसानहरूले उखु खेती गर्ने गरेका छन्।

**उखु किसानहरूका प्रमुख समस्याहरू**

- उत्पादनमा कमी आउनु
- रसायनिक मल सहजरूपमा उपलब्ध नहुनु,
- चिनी मिलबाट उखु बिक्रीको रकम लामो समयदेखि नपाउनु,
- माटोको उर्वरतामा कमी आउनु,
- चिनी मिलबाट बक्यौता रकम नपाउनु र सरकारी अनुदानसमेत समयमा नपाउनु।

**अध्ययनको उद्देश्य**

- जिल्लामा हुने गरेको उखु खेतीको वर्तमान अवस्थाको बारे जानकारी लिन।
- उखु किसानका समस्या पहिचान गरी समाधानका लागि सरोकारवालालाई झकझक्याउन

- कृषकहरूले विभिन्न समयमा गर्ने गरेका आन्दोलनको मूल माग र कारणहरूबारे बुझ्न।
- कृषकहरूको समस्या बुझी सरोकारवालाहरूलाई समस्या समाधानका लागि ध्यानाकर्षण गराउन।

**अध्ययनको महत्त्व**

उखु किसानले चिनी मिलबाट पाउनुपर्ने रकम ०७६ सालदेखि पाएनन्। पटकपटक आन्दोलन गर्नुपर्नको कारण बारे थाहा पाउन यो अध्ययनको महत्त्व हुनेछ। कृषकहरूको गुनासोलाई सम्बोधन गर्न भएका कानुनी व्यवस्थाहरूको कार्यान्वयनबारे जानकारी हुने भएकाले अधिकार प्राप्तिको सङ्घर्षमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

**अध्ययन विधि**

- स्थलगत भ्रमण अवलोकन
- भेटघाट र छलफल
- विभिन्न अध्ययन प्रतिवेदनहरूको अध्ययन।
- विभिन्न राष्ट्रिय तथा अन्ताराष्ट्रिय कानुन र अनुवन्धहरूको अध्ययन
- अनलाइन तथा प्रिन्ट मिडियामा प्रकाशित विभिन्न समाचारहरूको अध्ययन

**अध्ययनको सीमा**

यस अध्ययन प्रतिवेदनमा नवलपरासी (पश्चिम) जिल्लाको दक्षिणी भेगका सुस्ता गाउँपालिका, प्रतापपुर गाउँपालिका, सरावल गाउँपालिका र पाल्हीनन्दन गाउँपालिका र रामग्राम नगरपालिका यसैगरी, कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका र शिवराजनगर पालिकाका विभिन्न वडाहरू, कृष्णनगर नगरपालिकाको बहादुरगन्ज, शिवराजनपाको जवाभारी, चनई, शिवपुर, बिरपुर लगायतका ठाउँमा व्यवसायिक उखु खेती गर्ने कृषकहरूलाई मात्रै समेटिएको छ। यो अध्ययनको निष्कर्ष अन्य जिल्लाको अवस्थासँग मेल नखान पनि सक्छ।

**समस्याको पहिचान**

क्षेत्रफलको हिसाबमा सबैभन्दा धेरै क्षेत्रफलमा उखु खेती हुने जिल्ला नवलपरासी पश्चिम हो। यहाँ कूल खेती योग्य जमिन २५ हजार ९ सय ५५ हेक्टर जमिनमध्ये ५ हजार ५ सय हेक्टरमा उखुको खेती गरिन्छ। विगतमा ७ हजार हेक्टर जमिनमा खेती गरिने भए पनि पछिल्लो समयमा खेती गरिने क्षेत्रफलमा कमी आउन थालेको छ। जिल्ला उखु कृषक समितिको भनाइ अनुसार उखु खेतीमा कमी आउनुको प्रमुख कारण चिनी मिलले उखु भुक्तानी नगर्नु हो। कृषकहरूले जग्गा बैंकमा धितो राखेर खेतीको लागि खर्च जुटाए पनि उत्पादनको रकम पाउन नसक्दा समस्या परेको छ।

जिल्ला भित्र सञ्चालनमा भएका तीन ओटा चिनी मिलबाट कूल १८ करोड ३४ लाख बक्यौता रकम भुक्तानी पाउन बाँकी छ। जिल्ला उखु उत्पादक सघंका अध्यक्ष उमेशकुमार यादवकाअनुसार सुनवल चिनी मिलले १० करोड, इन्दिरा चिनी मिलले ८ करोड र बागमती चिनी मिलले ३४ लाख ७३ हजार रुपियाँ किसानलाई भुक्तानी गर्न बाँकी छ।

प्रतापपुर गाउँपालिका– ८, गंगापुरका किसान विनोद कलवार भन्छन् ५ प्रतिशत मासिक ब्याजमा कर्जा लिएर उत्पादन गरेको उखुको भुक्तानी तीन वर्षदेखि नपाएपछि दृष्टिबन्धक राखेको जग्गा लिलाम हुने अवस्थामा छ।

सुस्ता गाउँपालिका–५ का सञ्जय श्रेष्ठ भन्छन् विगत तीन वर्षदेखिको रकम नपाउँदा अन्य बाली लगाउनुपर्ने अवस्थामा छौँ। तर, जहाँ गए पनि हामीसँग पर्याप्त पैसा नहुँदा, ऋण लिनुपर्ने र फेरि हाम्रो यस्तै विचल्ली हुने डर छ त्र

यी केही प्रतिनिधिमूलक भनाइले यस भेगका उखुकिसानको अवस्था चित्रण गर्छ। आर्थिक उपार्जन हुनु त कता हो कता किसान नै सुकुम्बासीमा परिवर्तन हुनसक्ने भयले उखु किसान त्रस्त छन्।

यसैगरी, कपिलवस्तु जिल्लामा पनि अन्यबालिको तुलनामा उखु खेती उत्पादन बढी हुने तथा चिनी मिल, भेली, क्रेसर तथा उखुको जुस बनाउनेहरूले खरिद गर्ने भए पनि जिल्लामै रहेको महालक्ष्मी सुगर मिल अन्यत्र सरेपछि कपिलवस्तुका किसानहरू उखुको उचित मूल्य पाउनबाट बञ्चित भएका छन । सुगर मिलले करिब ७ करोड बढी भुक्तानी गर्न बाँकी रहेको छ।

सबैभन्दा धेरै बक्यौता रकम तिर्न बाँकी रहेको सुनवलस्थित लुम्बिनी चिनी मिलले १० करोड रुपियाँ किसानलाई बक्यौता तिर्नुपर्नेछ। मिलमा पुग्दा मिल बन्द रहेको छ । सञ्चालकहरू विगत १५ महिनादेखि सम्पर्कमा नरहेको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी जोरसिंह माझीले दिए।

इन्दिरा चिनी मिलका बिक्री व्यवस्थापन प्रमुख दुर्गा चतुर्वेदीले भने 'किसानहरूले पैसा नपाएर दुःखी त छन् । तर, हामीले पनि बजारमा चिनीको बिक्री गर्न

सकेका छैनौँ व्यवसायमा नाफा नभएकाले हामीले पैसा दिन नसकेको हो' । इन्दिरा चिनी मिलबाट ८ करोड भुक्तानी बाँकी रहेको किसान बताउँछन् । तर मिल सञ्चालकका अनुसार ४ देखि ५ करोड मात्रै तिर्न बाँकी छ।

चिनी मिलबाट बक्यौता रकम नपाएका किसान सरकारबाट अनुदान नपाउँदा थप मारमा परेका छन्। समयमै भुक्तानी नदिने उद्योगीलाई सरकारले कानुनी दायरामा ल्याउने भने पनि बिडम्बना सरकारबाट पाउनुपर्ने अनुदान रकम पनि किसानलाई उपलब्ध भएको छैन। भुक्तानी नपाएर चिनी उद्योगीको चरम शोषणमा पर्दै आएका उखु किसानलाई सरकारलेसमेत विभिन्न झन्झटिलो प्रक्रिया र कार्यविधि बनाएर सरकारले अनुदान रकममा झुलाइरहेको जिल्ला उखु उत्पादक संघका अध्यक्ष उमेशकुमार यादवले गुनासो गरे । यसपटकको उखुबाली काट्ने र बिक्री गर्ने बेला भइसक्दा पनि सरकारले अघिल्लो वर्षकै अनुदान रकम किसानलाई दिन सकेको छैन, अनुदानका लागि झन्झटिलो कार्यविधि बनाइदिएका कारण उनीहरू अझ अन्यौल र दुःखमा छन् ।

**आन्दोलित किसानहरू र सहमति**

२०७१ सालदेखि चिनी मिलका सञ्चालकहरूबाट भुक्तानी पाउन नसकेपछि ०७६ साल पुस महिनामा नवलपरासी, कपिलवस्तुलगायत देशभरका उखु किसानहरूले काठमाडौँको माइतीघरमा धर्ना बसे । एकातर्फ चिनी मिलबाट उखुको रकम नपाउनु र अर्कातर्फ बैङ्कले कृषकहरूले धितो राखेको जग्गा जफत गरिदिने डर कृषकहरूमा रहेको थियो । सरकार र आन्दोलनरत किसानबीच ०७७ पुस १८ गते भएको सम्झौता अनुसार ०७६ माघ ७ गतेसम्म भुक्तानीका लागिपहल गरिदिने लिखित सम्झौता गरेपछि आन्दोलन स्थगित भयो । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टको उपस्थितिमा किसान र सरकारी टोलीबीच भएको सहमतिअनुसार चिनी मिलबाट भुक्तानी गर्न बाँकी सम्पूर्ण रकम ०७६ माघ ७ भित्र गरिने सम्झौता पत्रमा उखु किसान सङ्घर्ष समितिका सचिव हरेश्याम रायसहित केही किसान र मन्त्रालयका तर्फबाट सहसचिव दिनेश भट्टराईले हस्ताक्षर गरे।

उक्त सम्झौता पत्रमा तपसीलका बुदाँहरू सेमेटिएका थिए।

१. भुक्तानी उपलब्ध गराउन आपूर्ति मन्त्रालयले समन्वय गर्ने,
२. किसानका समस्या समाधान गर्न कार्यदल,
३. अनुदान रकम पर्याप्त उपलब्ध गराउन गृहकार्य,
४. किसान र चिनी आपूर्तिको समस्या तत्काल समाधान,
५. किसानले आन्दोलन स्थगित गर्ने ।

गृह मन्त्रालयको ०७७ मङ्सिर ३० गते बसेको बैठकको निर्णयअनुसार बक्यौता भुक्तानी नगरेको उद्योगका सञ्चालकलाई गिरफ्तार गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गऱ्यो । यस्तै सरकारबाट उखु किसानले पाउनुपर्ने उत्पादन प्रोत्साहन अनुदानका विषयमा सहमति भएको छ । सरकारले घोषणा गरेको प्रोत्साहन अनुदान रकम किसानले अझै पाएका छैनन्। सरकारले प्रति क्विन्टल ६५ रुपियाँ २८ पैसा अनुदान उपलब्ध गराउने घोषणा गरेको थियो । अनुदान रकम किसानले प्राप्त नगरेको विषयमा मन्त्रालयले समयमै पर्याप्त निकासाका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अर्थ मन्त्रालयको ध्यानाकर्षण गराउने सहमति गरेको छ । त्यस्तै उखु किसानको भुक्तानी, चिनी आपूर्ति, किसान र चिनी उद्योगीको समस्याका विषयमा सम्बोधन गर्न मन्त्रालयले आपूर्ति व्यवस्थापन महाशाखालाई सम्पर्क महाशाखाका रूपमा तोक्ने तथा पुस ३ गतेदेखि नै उखु किसानले गर्दै आएको आन्दोलन स्थगित गर्ने सहमति भएको छ।

**पलायन भएका कृषक**

कोभिड-१९ का कारण यस वर्ष उखु किसानलाई दुःख थपियो। उनीहरूले ज्यालामजदुरीको अवसर पनि पाएनन् भने चाडपर्व पनि खुसीसँग मनाउन पाएनन्। वर्षौंदेखिको समस्यामा पिल्सिरहेका उनीहरू कृषिबाट नै पलायन हुने अवस्थामा पुगे। विगतमा राम्रो उब्जनी र आर्थिक आम्दानीको बलियो स्रोत बनेको उखु खेती चिनी मिलहरूको शोषणका कारण धरापमा परेको छ। उखु खेतीमा लागेका कृषकहरू पलायन भएर केरा खेती र अन्य तरकारी खेतीमा लागेका छन्। मिलले धेरै उखु लगाउन प्रोत्साहित गर्ने तर सञ्चालकले क्षेत्र तोकेर मात्रै लिने गरेकाले बेच्नसमेत कठिनाइ भएको छ भने सरकारले दिने भनेको अनुदानसमेत नदिएको आन्दोलित किसानको आरोप छ।

**निष्कर्ष**

नेपाल आज पनि मूलत: कृषिप्रधान देश हो । विगतमा हुने गरेको परम्परागत कृषिलाई परिमार्जित गर्दै आधुनिक शैली अपनाउँदै कृषिमा आवद्ध हुनेको युवा जमात पनि ठूलो छ । तर, उखु खेतीमा थोरबहुत आधुनिकता भित्रिए पनि समय अनुसारको प्रविधि उपयोग नुहँदा आम्दानीको स्रोत घट्दै गएको पाइन्छ । आफ्नै उत्पादन माथिको हक आफूले उपभोग गर्न नपाउनाले वर्षौँबाट कृषकहरू आर्थिक तथा व्यवसायिक अधिकारबाट बञ्चित  हुँदै आएका छन् । कृषकलाई स्थापित र व्यवसायिक बनाउन उत्पादनको रकम मिल सञ्चालकबाट समयमै दिने व्यवस्था मिलाउने र सरकारी अनुदान समेत समयमा पाउन सके स्थायित्व रहन्छ । सरकार नागरिकको अभिभावक भएकाले किसानहरूले पनि सरकारको अभिभाकत्व महसुस गर्न पाउने गरी योजना बनाउन आवश्यक छ।

**सुझाव**

अध्ययनका क्रममा किसानका सम्पूर्ण समस्यालाई नजिकबाट दृष्टिगोचर गरिसकेपछि विद्यमान समस्याको निराकरण गर्नका लागि उपयोगीहुन सक्ने केही सुझावहरू प्रस्तुत गरिएको छ ।

- उखु कृषकहरूले बिक्री गरेको उखुको मूल्य कृषकहरूले यथासक्य छिटो पाउने व्यवस्था गर्नुपर्दछ।
- उखुको बाली तयार हुनु भन्दा पहिले र प्रशोधनमा लागि पठाउनु पूर्व नै उखुको बिक्री मूल्य निधार्रण गरिनु पर्दछ।
- सरकारबाट उखु किसानलाई दिइने अनुदानबापतको रकमपाउने प्रक्रिया सहज र  कम झन्झटिलो गराउनु पर्दछ।
- उखु कृषिमा समय अनुसारको वैज्ञानिक प्रविधि र औजारहरू उपयोगमा ल्याउन सरकारका निकायहरूबाट विशेष पहल र निगरानी गरिनु पर्दछ।
- समयमै सिंचाई र मल (कम्पोष्ट र रासायनिक ) को व्यवस्था गरी उखुबालीको उत्पादन वृद्धि गराउनु पर्दछ।

**सन्दर्भ सामग्री**


- https://www.agriculturejournal.org/volume7number2/dynamics-and-economic-analysis-of-sugarcane-production-in-eastern-plains-of-nepal/
- संयुक्त राष्ट्रसङ्घको व्यवसाय र मानव अधिकार सम्बन्धी निर्देशक सिद्धान्त २०११
- http://annapurnapost.com/news/140817(बर्सेनी ठगिँदै उखु किसान )
- नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० – पृष्ठ नं ७०
- https://myrepublica.nagariknetwork.com/news/sugarcane-farming-done-in-81-000-hectares-of-land-but-not-prospering/
- ekantipur.com
- नेपालको संविधान
- उखु कृषकलाई अनुदान दिनेसम्बन्धी कार्यविधि, २०७५
- इन्सेक अनलाइनमा प्रकाशित गुलियो खेती गर्नेका तिता अनुभव ०७७ पुस १ गते
- विभिन्न पत्रपत्रिका रासस ,
- बुद्धदपर्ण , राष्ट्रिय दैनिकपत्रिका ,
- लुम्बिनी दैनिक ,
- लुम्बिनी दर्पण साप्ताहिक,
- राष्ट्रिय दैनिक मेचिकाली पत्रिकामा प्रकाशित समाचार
- https://baahrakhari.com/news-details/304902/2021-01-03